प्रिय एफसीपीएस (FCPS) समुदाय,

हाम्रो पाँच-महिना, नयाँ अधीक्षककोलागि (सुपरईन्टेंडेन्टकोलागि) राष्ट्रव्यापी खोजी गत हप्ताको उत्साहजनक घोषणाकोसाथ एक महत्त्वपूर्ण कोशेढुंगामा (माइलस्टोनमा) पुग्यो: हाम्रो समितिले सर्वसम्मतिद्वारा डा. डीमेट्रस लिग्गीन्सलाई फेएट काउन्टी पब्लिक स्कूलहरूको अर्को अधीक्षककोरुपमा (सुपरईन्टेंडेन्टकोरूपमा) नियुक्तगर्न अघिबढेकोछ, एक सम्झौतालाई समितिको अनुमोदनको अधीन गरिएकोछ।

यस हप्ता, मैले समितिको तर्फबाट सम्झौताहरू डा. लिग्गीन्सको संक्रमणलाई समर्थनगर्न महत्वपूर्ण कुराकानीहरू शुरुगरें। यसैबीच, डा लिग्गीन्सले ग्रीनभिल, टेक्ससमा आफ्नो समुदायको सेवागर्न जारीराख्नु हुनेछ र वहाँहरूको आफ्नै संक्रमणलाई समर्थनगर्नु हुनेछ। मैले वहाँलाई अर्को महिनाभर ग्रीनभिलमा वहाँले ध्यान केन्द्रितगर्न र वहाँको महत्वपूर्ण कामलाई पूरागर्न आवश्यकछ भन्ने कुरालाई हामी मान्यता दिन्छौं भनेर आश्वासन दिएँ। हामी आशा गर्दछौंकि वहाँले जुलाईको केहि समयपछि फेएट काउन्टीलाई घरहो भन्न थाल्नुहुनेछ, र हामी उनको संक्रमणसंग सम्बन्धित प्रमुख मितिहरू उपलब्ध भएपछि साझागर्नेछौं।

हामी समुदायप्रति यो महत्वपूर्ण प्रक्रियाको समर्थनकोलागि आभारीछौं। सफलता एक अधीक्षकको (सुपरईन्टेंडेन्टको) नियुक्तिसंग समाप्त हुँदैन, र हामी सबैलाई डा. लिग्गीन्सलाई समर्थनगर्न र हामीलाई हाम्रो अगाडिको साझा कामगर्नकोलागि एकजुटहुनु आवश्यकछ।

एक पटक डा. लिग्गीन्सको केन्टकीमा बसाई सरेपछिसंग वहाँसंग भेट्ने, जान्ने, र संलग्नहुने धेरै अवसरहरू हुनेछन्, र हामीहरू अगाडि बढ्ने योजनाहरूको क्रममा थप जानकारीलाई साझागर्नेछौं। यस बीचमा, कृपया यो जान्नुहोस् कि हामी यस प्रक्रियामाभाग लिनुहुने र हामीलाई यस बिन्दुमा पुर्याउन सहयोगगर्नुहुने सबैप्रति कृतज्ञछौं।

भवदीय,

टाईलर मर्फी

अध्यक्ष, फेएट काउन्टी शिक्षा समिति